जिल्ला समन्वय समितिको कार्यालय
पाल्पा
२०७३

# जिल्ला समन्वय समितिको कार्यालय
## तानसेन,पाल्पा

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम आ.व २०८२/०८३ को दोस्रो त्रैमासिक समयावधि (२०८२ कार्तिक १ गतेदेखि २०८२ पौष मसान्तसम्म ) मा सम्पादित कार्यहरुको विवरण देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

| | |
|---|---|
| क) निकायको स्वरुप र प्रकृति | नेपालको संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था गरेको छ। जिल्ला समन्वय समिति पाल्पामा नौ सदस्यीय समिति रहेको जसमा प्रमुख, उप-प्रमुख र सात जना सदस्य रहेको छ जिल्ला समन्वय समितिको कार्यालय, पाल्पा अन्तर्गत जिल्ला समन्वय अधिकारी सहित १२ जना को दरबन्दी रहेको छ । |
| ख) निकायको काम, कर्तव्य र अधिकार | - जिल्ला भित्र रहेका संघिय कार्यालय ,प्रदेशस्तरीय कार्यालय, र स्थानीय तहहरुका बीच समन्वय गर्ने ।<br>- जिल्ला भित्र सञ्चालित संघ, प्रदेश, स्थानीय तह, गै.स.स तथा दातृ संस्था वा साझेदारीमा सञ्चालित योजना तथा विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको नियमित रुपमा अनुगमन एवं सुपरीवेक्षण गर्ने गराउने वा सोको प्रवन्ध मिलाउने । |
| ग) निकायमा रहेको कर्मचारी दरबन्दि र पदपूर्तिको विवरण | जिल्ला समन्वय अधिकारी -१<br>शाखा अधिकृत -१<br>ईन्जिनियर - १ (२०८२।९।७ देखि रमाना भै गएकोले हाल रिक्त )<br>नायब सुब्बा -१<br>लेखापाल -१<br>सब-ईन्जिनियर - १ (रिक्त)<br>खरिदार -१<br>हलुका सवारी चालक -२(करार १ जना ,१पद रिक्त)<br>कार्यालय सहयोगी - ३(२ जना स्थायी ,१ जना करार) |
| घ) निकायबाट प्रदान गरिने सेवा | कार्यक्रमको स्वीकृति, समन्वय, अनुगमन, अनुगमनको लागि आवश्यक व्यवस्थापन गर्ने, स्थानीय तहहरु बिच आइपर्ने समस्याहरुमा सहजीकरण गर्ने । |
| ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | — |
| च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | दस्तुर-निशुल्क, अवधि- तुरुन्त प्रक्रिया अघि बढाइने छ। |
| छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी | -सम्बन्धित शाखावाट अवस्था अनुसार कारबाही सुरु भई जिल्ला समन्वय |

शाखा अधिकृत

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
पाल्पा
२०७३

| | |
|---|---|
| | अधिकारीबाट निर्णय हुने ।<br>-अवस्था अनुसार जिल्ला समन्वय समितिको बैठक र जिल्ला समन्वय समिति प्रमुखबाट निर्णय हुने । |
| ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी | -समन्वय प्रमुख (श्री टंकनाथ खनाल)<br>-जिल्ला समन्वय अधिकारी (श्री पुनाराम पौडेल ) |
| झ) सम्पादन गरेको कामको विवरण | -जिल्ला समन्वय समितिको मिति २०८२।०७।२६ मा जिल्ला सभाको १० औ बैठक जि स स पाल्पा प्रमुख श्री टंकनाथ खनाल ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका आवश्यक निर्णयहरु गरिएको ।<br>-जि स स कार्यालय पाल्पालाइ नेपाल सरकारबाट प्राप्त अख्तियारी बमोजिमको चालु बजेट लाइ बिभिन्न खर्च शिर्षक तथा वित्तिय संकेत नंम्बरहरुमा बाँडफाँड गरी स्विकृत गरियो ।<br>-पाल्पा जिल्ला भित्र सञ्चालनमा रहेका खनिज पदार्थहरुको उत्खनन् गर्ने खानीहरुको बिबरण र ढुंगा ,गिट्टी ,बालुवा उत्खनन् गर्ने घाटहरुको बिबरण स्थानीय तहहरुले संकलन गरी जि स स मा पठाउने र जि स स ले कार्ययोजन बनाइ एकिकृत रुपमा अनुगमन गर्ने ।<br>-सबै स्थानीय तहहरुमा रहेका रुग्ण आयोजनाहरु, बहुबर्षिय योजनाहरु को बिबरण सबैपालिकाहरुले जि स स मा पठाउने र जि स स ले तिनिहरुको अनुगमन गर्ने ।<br>-तानसेन नगरपालिकाले तानसेन को दरबार अगाडी सञ्चालन गर्न लागेको बिकास र सौन्दर्यकरण कार्यक्रम यस जि स स को क्षेत्राधिकार भित्र रहेको जग्गामा समेत पर्ने भएकोले अनुमती माँग गरेकोमा निम्नानुसारका शर्तका अधिनमा रही निर्माणका लागी अनुमती दिने ।<br>१-कि नं ५१० ,५१३,५१७,१९४,५१९ का जग्गाको स्वामित्वमा कुनै असर नपर्ने /नपार्ने ।<br>२-जग्गा नापजाँच गरी गराइ साँधसिमानामा कुनै विवाद आएमा सो को समाधान गरेर मात्र ।<br>३-गत आ ब मा डिभिजन वन कार्यालयले बनाएको संरचना नभत्काइकन काम गर्ने गराउने ।<br>४-योजना सम्पन्न भएपछि सो को सञ्चालन र ब्यबस्थापनको तरीका र आयआर्जनका कुरा प्रचलित कानूनको अधिनमा रही आपसी समझदारीमा गर्ने ।<br>- सबै स्थानीय तहहरुले शिक्षा,स्वास्थ्य,भौतिक पूर्वाधार , कृषि लगायतका विविध विपयहरुको तथ्याँक जि स स मा पठाउने र जि स स ले बार्षिक रुपमा प्रकासन गर्ने व्यवस्था मिलाउने ।<br>-सबै स्थानीय तहहरुले बेरुजू हुन नदिने गरी काम गर्ने र बेरुजू फर्छ्यौटलाइ मुख्य प्राथमिकतामा राखी काम गर्ने । |

शाखा अधिकृत

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
पाल्पा
२०७२

| | |
|---|---|
| | -खानी तथा भू-गर्भ बिभागले यस जिल्ला भित्र खानीको अन्वेषण वा उत्खनन् गर्ने अनुमती दिंदा सम्बन्धित पालिकाको समेत सहमतीमा दिने । र सो को जानकारी यस जि स स लाइ पनि दिन अनुरोध गर्ने निर्णय गरियो ।<br>-यस जिल्लामा रहेका सबै स्थानीय तहहरुका प्रमुख तथा प्रशासकीय प्रमुखहरुको उपस्थितिमा आ-आफ्नो पालिका भित्र गत आ ब मा गरिएका असल अभ्यासहरुको प्रस्तुतीकरण गर्न लगाइ छलफल गरी राम्रा अभ्यासहरुबाट सबैले सिक्ने र अझ राम्रो गर्दै जाने प्रतिबद्धता समेत गरिएको ।<br><br>-पाल्पा जिल्ला अन्तर्गत संघ, प्रदेश र स्थानीय तहहरु बाट संचालित आयोजना कार्यक्रमहरुको विभिन्न मितिमा समन्वय प्रमुख, समन्वय अधिकारी, कर्मचारी बाट अनुगमन सम्बन्धि कार्य भएको ।<br>१-मिति २०८२।९।१६-१७ मा निस्दी १ भोटाहाघाट मा केम खाम्चा मार्गको अनुगमन, वडा नं १ को वडा भवन निरीक्षण ,अन्य योजनाहरु समेतको अनुगमन ।<br>२- मिति२०८२।९।२२-२४ मा रैनादेबी छहरा गाउँपालिका का बिभिन्न वडाहरुमा सञ्चालनमा रहेका योजनाहरु , सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक अन्तर्गत पाल्पा खण्ड सत्यवतीको ढुंग्रेखोला पुल सम्म अनुगमन ।<br>-संघ र प्रदेशबाट स्थानीय तह र अन्य कार्यालयहरुलाई समन्वय गर्ने सम्बन्धमा लेखिआएका विषयमा समन्वय गर्ने कार्य गरिएको । |
| ञ) सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद | कार्यालय प्रमुख : जिल्ला समन्वय अधिकारी श्री पुनाराम पौडेल<br>सूचना अधिकारी : शाखा अधिकृत श्री लेखनाथ अर्याल |
| ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | - स्थानीय सरकार सञ्चालन ऐन, २०७४<br>-जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन, २०७५<br>-स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६<br>- जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि- २०७९<br>- जिल्ला सभा तथा जिल्ला समन्वय समिति बैठक सञ्चालन सम्बन्धी कार्यविधि - २०७५ |
| ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आ.व २०८२।०८३ को पौष मसान्तसम्मको विनियोजित बजेट तथा खर्चको विवरण :<br>बजेट शिर्षक नं. ३६५००१०५३ जिल्ला समन्वय समितिको कार्यालय (चालु)<br>विनियोजित बजेट: रु१८५५३७११।-<br>खर्च: रु६४२७६७२.२४।- |
| ड) तोकिए बमोजिमका अन्य विवरण | — |

शाखा अधिकृत

जिल्ला समन्वय अधिकारी